**सम्वत् २०७९ साल भदौ २७ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | १. आर्थिक वर्ष २०७८।७९ मा दायित्व सिर्जना भई भुक्तानी दिन बाँकी रहेको प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयबाट भुक्तानी बाँकीको कच्चावारी (म.ले.प फारम नं. २२१) प्रमाणित भएको अवस्थामा बजेट व्यवस्था गर्ने सम्बन्धमा सम्बन्धित मन्त्रालयहरूले देहाय बमोजिम गर्ने:<br>क. सम्बन्धित मन्त्रालयहरूको चालू आर्थिक वर्षमा सोही क्रियाकलापमा बजेट विनियोजन भएको र उक्त बजेटबाट भुक्तानी दिन पुग्ने भएमा गत आर्थिक वर्ष २०७८।७९को सिर्जित दायित्व भुक्तानी गरी बचत हुने रकमबाट मात्र यस आर्थिक वर्षमा खरिद प्रकृया अगाडी बढाउने ।<br>ख. नेपाल सरकारबाट वित्तीय हस्तान्तरणको सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको हकमा, चालू आर्थिक वर्षमा सोही क्रियाकलापमा बजेट विनियोजन नभएको वा विनियोजित रकम अपुग हुने भए आवश्यक बजेट व्यवस्थाको लागि नेपाल सरकारसँग समन्वय गरी बजेट व्यवस्था गर्ने।<br>ग. प्रदेश सरकारको श्रोतको बजेटको हकमा, चालू आर्थिक वर्ष २०७९।८० मा सोही क्रियाकलापमा बजेट विनियोजन नभएको भए सम्बन्धित मन्त्रालयको विनियोजित बजेट मध्ये चालू आर्थिक वर्षमा खर्च नभई बचत हुने बजेटबाट अघिल्लो वर्षको दायित्व सिर्जना भएको रकम भुक्तानीको लागि रकमान्तर गर्न प्रकृया अघि बढाउने। |
| २. | "प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९" मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिमा छलफल गरी पेश गर्ने। |
| ३. | प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ लाइ संशोधन गर्न बनेको अध्यादेश, २०७९ को सैद्धान्तिक स्वीकृत गरी सोही बमोजिम तर्जुमा भएको "प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ लाई संशोधन गर्न बनेको अध्यादेश" जारी गर्न प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने । |

**सम्वत् २०७९ साल भदौ १६ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | "उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण लगानी कार्यविधि, २०७९" को मस्यौदालाई स्वीकृत गर्ने। |
| २. | बागमती प्रदेश भित्रको उपयुक्त स्थानमा रासायनिक मल कारखाना स्थापना गर्न MAHACHAAD INTERNATIONAL CO. LTD. लाई अनुमति दिने विषयमा सहमतिको लागि नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय समक्ष अनुरोध गर्ने। |
| ३. | क. जिल्लाका घरेलु तथा साना उद्योग कार्यालयहरूको अस्थायी सङ्गठन संरचना एवं उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय तथा काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, चितवन र मकवानपुर जिल्लाका घरेलु तथा साना उद्योग कार्यालयहरू समेतको लागि कूल ७१ (एकहत्तर) जनाको अस्थायी दरबन्दी स्वीकृत गर्ने।<br>ख. घरेलु तथा साना उद्योग कार्यालय सिन्धुपाल्चोक, सिन्धुली र रामेछाप कार्यरत साबिक घरेलु तथा साना उद्योग विकास समिति तर्फका ५ जना अस्थायी कर्मचारीको म्याद २०७९ श्रावण १ गते देखि लागू हुने गरी २०८० असार मसान्तसम्मको लागि थप गर्ने। |
| ४. | आ. व. २०७९।८० का लागि श्रावण १ गते देखि नै लागू हुने गरी यस मन्त्रालय र अन्तर्गतका विभिन्न कार्यालय/ आयोजनाका लागि जम्मा ९९ जनाको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| ५. | आ. व. २०७९।८० का लागि श्रावण १ गते देखि नै लागू हुने गरी यस मन्त्रालय अन्तर्गत प्रदेश राजधानी पूर्वाधार विकास विशेष आयोजनाको लागि जम्मा २१ जनाको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| ६. | "प्रदेश युवा परिषद्को कार्यालय" को सट्टा "प्रदेश युवा परिषद्" कायम गरी देहाय अनुसार प्रदेश युवा परिषद्को साइनबोर्ड, छाप र लेटरप्याड कायम गर्ने। |
| ७. | क. बागमती प्रदेशको विशिष्टता, प्राकृतिक सौन्दर्य र संस्कृति तथा सभ्यता प्रवर्द्धन एवं आन्तरिक पर्यटन विकासको लागि आर्थिक वर्ष २०७९/८० लाई घुमफिर वर्ष घोषणा गर्ने ।<br>ख. घुमफिर वर्ष कार्यान्वयनका लागि संस्कृति तथा पर्यटन मन्त्रालयमा विनियोजित रकम विभिन्न प्रवर्द्धनात्मक क्रियाकलाप, प्रचार-प्रसार, संस्कृति तथा सभ्यता प्रवर्द्धनका लागि सहयोग आदिमा खर्च गर्ने। |
| ८. | आ. व. २०७९।८० का लागि श्रावण १ गते देखि नै लागू हुने संस्कृति तथा पर्यटन मन्त्रालय अन्तर्गतका आयोजनाको लागि जम्मा ७० जनाको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| ९. | वन तथा वातावरण मन्त्रालय अन्तर्गतका भू तथा जलाधार व्यवस्थापन कार्यालयहरूको लागि जम्मा ५८ जनाको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| १०. | श्रम, रोजगार तथा यातायात मन्त्रालय वा अन्तर्गतका कार्यालयहरूका लागि जम्मा १९८ जनाको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

# बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०७९ साल भदौ ८ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | बागमती प्रदेश भित्रको उपयुक्त स्थानमा रासायनिक मल कारखाना स्थापना गर्न MAHACHAAD INTERNATIONAL CO. LTD. लाई अनुमति दिने विषयमा सहमतिको लागि नेपाल सरकार, अर्थ मन्त्रालय समक्ष अनुरोध गर्ने। |
| २. | प्रदेश विश्वविद्यालयको भौतिक पूर्वाधार, विधेयक, सङ्गठनात्मक संरचना तथा पाठ्यक्रमको आधारभूत संरचना सिफारिस कार्यदलको प्रतिवेदन, २०७७ प्रकाशनका लागि स्वीकृति प्रदान गर्ने। |
| ३. | सार्वजनिक निर्माण कार्यान्वयन इकाई धादिङ, सार्वजनिक निर्माण कार्यान्वयन इकाई काभ्रेपलान्चोक र युवा वैज्ञानिक प्रोत्साहन कोषको लागि आ.व. २०७९/०८० को लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| ४. | ढुङ्गा, गिट्टी, बालुवा उत्पादन तथा प्रशोधन गर्ने उद्योगहरूको दर्ता, नवीकरण साथै सम्पूर्ण प्रशासनिक कार्य बागमती प्रदेश सरकारबाट नै हुने गरी दोहोरोपना हटाउने व्यवस्था गर्ने तथा सङ्घीय मन्त्रालयमा सोको जानकारी दिने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०७९ साल भदौ २ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| **सि.नं.** | **निर्णय** |
|---|---|
| १. | "प्रदेश आन्तरिक पर्यटन काज सम्बन्धी मापदण्ड, २०७९" स्वीकृत गर्ने। |
| २. | आर्थिक वर्ष २०७८।७९ मा दायित्व सिर्जना भई भुक्तानी दिन बाँकी रहेको प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयबाट भुक्तानी बाँकीको कच्चावारी (म.ले.प फारम नं. २२१) प्रमाणित भएको अवस्थामा बजेट व्यवस्था गर्ने सम्बन्धमा सम्बन्धित मन्त्रालयहरूले देहाय बमोजिम गर्ने:<br>क. सम्बन्धित मन्त्रालयहरूको चालू आर्थिक वर्षमा सोही क्रियाकलापमा बजेट विनियोजन भएको र उक्त बजेटबाट भुक्तानी दिन पुग्ने भएमा गत आर्थिक वर्ष २०७८।७९को सिर्जित दायित्व भुक्तानी गरी बचत हुने रकमबाट मात्र यस आर्थिक वर्षमा खरिद प्रकृया अगाडी बढाउने।<br>ख. नेपाल सरकारबाट वित्तीय हस्तान्तरणको सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको हकमा, चालू आर्थिक वर्षमा सोही क्रियाकलापमा बजेट विनियोजन नभएको वा विनियोजित रकम अपुग हुने भए आवश्यक बजेट व्यवस्थाको लागि नेपाल सरकारसँग समन्वय गरी बजेट व्यवस्था गर्ने।<br>ग. प्रदेश सरकारको श्रोतको बजेटको हकमा, चालू आर्थिक वर्ष २०७९।८० मा सोही क्रियाकलापमा बजेट विनियोजन नभएको भए सम्बन्धित मन्त्रालयको विनियोजित बजेट मध्ये चालू आर्थिक वर्षमा खर्च नभई बचत हुने बजेटबाट अघिल्लो वर्षको दायित्व सिर्जना भएको रकम भुक्तानीको लागि रकमान्तर गर्न प्रकृया अघि बढाउने। |
| ३. | खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालय र अन्तर्गतको विभिन्न कार्यालय/आयोजनाको लागि आ.व. ०७९/८० मा मिति २०७९ साउन १ गते देखि लागू हुने गरी जम्मा १६१ जना कर्मचारीको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |

द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।